# मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२

*प्रमाणीकरण मितिः*

२०८२।०६।०८

## संवत् २०८२ सालको अध्यादेश नं. ०१

## मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : मतदाता नामावली ऐन, २०७३ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२.	**<u>मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा संशोधन</u>** : मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभाको कार्यकाल पूरा हुनु अगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनको लागि आयोगले अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्ने व्यवस्था गर्न सक्नेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय